# बुटवल औद्योगिक क्षेत्र

संक्षिप्त जानकारी




## औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

**Industrial Zone Management Limited**

(नेपाल सरकारको स्वामित्व भएको)

शाखा कार्यालय

## बुटवल औद्योगिक क्षेत्र


रामनगर-१०, बुटवल, रुपन्देही, नेपाल

फोन: ०७१-५३०२८५, ५३०५८५

butwalizone@gmail.com www.izml.gov.np

# शाखा कार्यालय बुटवल औद्योगिक क्षेत्रको संक्षिप्त परिचय

औद्योगिक विकास गर्नका लागि उद्योगहरुलाई आवश्यक पर्ने आधारभूत पुर्वाधारहरु जमिन, औद्योगिक भवन, सडक, विद्युत, पानी, ढल तथा अन्य सेवा तथा सुविधाहरु एकै ठाउँमा उपलब्ध गराउने उद्देश्य राखी नेपाल सरकारको आफ्नै लगानीमा २०३२ साल फाल्गुण ५ गते शाखा कार्यालय बुटवल औद्योगिक क्षेत्रको स्थापना भएको हो । ४३४ रोपनी क्षेत्रफलमा फैलिएको यो औद्योगिक क्षेत्र लुम्बिनी प्रदेश, पुर्वपश्चिम राजमार्गको दक्षिण तर्फ बुटवल उपमहानगरपालिका वडा नं.१० रामनगर रुपन्देही जिल्लामा अवस्थित रहेको छ । यस औद्योगिक क्षेत्रको पुर्वमा सुखौरा खोला, पश्चिममा नेपाली सेनाको ब्यारेक,उत्तरमा पुर्व पश्चिम महेन्द्र राजमार्ग तथा शिवनगर सामुदायिक वन, दक्षिणमा रामनगर वन पर्दछ।

नेपालको लुम्बिनी प्रदेशको बुटवलमा रहेको यस औद्योगिक क्षेत्रबाट बुटवलको मुख्यबजार करिब ३ किलो मिटर, भैरहवा व्यापारिक नाका २६ किलोमिटर, भारतको सुनौली नाका २८ किलोमिटर तथा यस औद्योगिक क्षेत्रबाट ४५ किलो मिटरको दुरीमा नेपालको पवित्र धार्मिक स्थल लुम्बिनी पर्ने भएकाले लुम्बिनी प्रदेशमा आकर्षण तथा महत्पूर्ण औद्योगिक क्षेत्रको रुपमा रहेको छायस क्षेत्रमा विशेष गरी फलामजन्य निर्माण सामग्रीहरुका साथै प्लाष्टिकजन्य सामग्रीहरुको बाहुल्यता रहेको छ । क्षेत्रमा उत्पादित सामग्रीहरूमाः झोलुङ्गे पुल, हाइड्रोपावरका निर्माण सामाग्री, विद्युतीय सामग्री, फलामे पोल, केवल, तार, स्वीच बोर्ड, लिष्टी, काष्ट आईरनका सामान प्लाष्टिकजन्य सामानहरु कुर्सी, डस्टवीन, पाईप, पाईप फिटिङ्ग जर्किन, डिव्वा, डोरी, ढलान सिट, झोला फित्ता स्टील तथा पित्तलका भाडाकुडा, सावुन तथा फाईवर सिट, पेचकिल्ला, सिमेन्टका विद्युत पोल, मोटर साईकलका हेल्मेट, लेगार्ड, दुध तथा दुग्धजन्य पदार्थ, मसला समेत उत्पादन भैरहेको छ।

आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनमा महत्वपुर्ण भूमिका निर्वाह गर्दै आएको यस औद्योगिक क्षेत्रले आर्थिक बृद्धि सहितको राष्ट्रिय संम्बृद्धिको संवाहकको रुपमा एउटा इटा थप्ने काम गरेको छ। तथापी संम्भावित उद्यमिहरुको मांग बमोजिम यस क्षेत्र भित्र जमिन उपलब्ध गराउन सकिने अवस्था छैन । तर निकट भविष्यमा मोतिपुर औद्योगिक परियोजनाको कार्यान्वयन मार्फत नेपालकै सबै भन्दा ठुलो औद्योगिक क्षेत्रको स्थापना हुनेमा हामी सबै आशावादी छौ। यस तर्फ सबै सरोकारवालाहरु, राजनैतिक दल, स्थानीय तह लगायतको सहयोग, समन्वय सहकार्य समेतको अपेक्षा गर्दछौ।

## शाखा कार्यालय बुटवल औद्योगिक क्षेत्र : एक झलक

| | |
|---|---|
| स्थापना | २०३२ साल फाल्गुण ५ गते। |
| जग्गाको क्षेत्रफल | ४३४ रोपनी |
| लिजमा दिइएको जमिन | ३८३.६१ रोपनी |
| बुटवल उपमहानगरपालिका लिजमा दिएको २८ रोपनी क्षेत्रफल संशोधन भई ३८.८६ रोपनी कायम भएको। | |
| युटिलिटि सेवाले ओगटेको जमिन | ६०.०७ रोपनी |
| बुटवल औद्योगिक क्षेत्र उद्योग संघले ओगटेको | ०.६९ रोपनी |
| लिजमा दिएको भवनको क्षेत्रफल | १५,६५४.४८ वर्गफिट |
| लिजमा गोदाम भवनको क्षेत्रफल | ४९६५.७२ वर्गफिट |
| कार्यालयद्वारा निर्मित औद्योगिक भवन | ८ वटा |
| गोदाम भवन | ३ |

## उद्योग, प्रतिष्ठानहरुको बर्तमान अवस्था

| | |
|---|---|
| जम्मा उद्योग संख्या | ६७ |
| चालु उद्योग | ६४ |
| निर्माणाधिन उद्योग | १ |
| वन्द उद्योग | २ |
| अन्य संघ/संस्था | ९ |
| बिद्युत्त क्षमता | ७००० के.भि.ए. |
| पानी क्षमता | ४०५ कि.लि. (प्रतिदिन) |
| सडक विस्तार | २.१४ कि.मी. |
| रोजगारी संख्या | १६०० जना |

## लगानी रु. करोडमा

| | |
|---|---|
| सरकारी क्षेत्र | रु. ३०२.२४ करोड |
| निजी क्षेत्र | रु. ३२० करोड |

**भवन बहाल दर (मासिक)**

औद्योगिक भवन : रु.३.०२ प्रतिवर्ग फुट प्रतिमहिना।

**प्रवेश शुल्क :** जमिन : रु.२५,०००। प्रति रोपनी (एक पटक)

भवन : रु.१५। प्रति वर्गफुट (एक पटक)

**नविकरण शुल्क :** प्रवेश शुल्कको ६० प्रतिशत

**निर्माण शुल्क :** रु.७। प्रति वर्गफुट

**शाखा कार्यालयद्धारा प्रदान गरिने सेवा तथा सुविधाहरु :**

यस शाखा कार्यालयले उद्योगहरुलाई क्षेत्रभित्र उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु जमिन,औद्योगिक भवन, गोदाम,विद्युत तथा पानी, सडक,ढल जस्ता अत्यावश्यकीय सुविधा उपलब्ध गराउँदै आएको छाबैंक चमेनागृह, सुरक्षा, सरसफाई आदि जस्ता सुविधा तथा सेवाहरु समेतको व्यवस्था मिलाईएको छ।

**क्षेत्रभित्र स्थापना हुने उद्योगको समुह वर्गिकरण तथा प्राथमिकताक्रम :**

१. क्षेत्रभित्र उद्योग स्थापनाका लागि जग्गा तथा भवन भाडामा दिंदा नेपाल सरकारले प्राथमिकता प्राप्त उद्योग भनी निर्धारण गरेको मापदण्डलाई मध्यनजर राखी त्यस्ता उद्योगलाई देहायको आधारमा समुह वर्गिकरण गरी प्राथमिकता दिनु पर्नेछ।

**१.१ उत्पादनमुलक उद्योगहरु:**

(क) कृषि तथा वन पैदावारमा आधारित खाद्य बस्तु उत्पादन गर्ने उद्योग, पशुपक्षीको दाना, चल्ला काढ्ने व्यवसाय, फलफुल प्रशोधन, दुध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन, रेशम तथा मह प्रशोधन उद्योग, चिया तथा कफी प्रशोधन उद्योग, जडिबुटी प्रशोधन उद्योग, बेतबाँसजन्य फर्निचर उद्योग, हस्तकला / काष्ठकला तथा फर्निचर उद्योग (स:मिलबाहेक) आदि।

(ख) खानी तथा खनिजजन्य उद्योग, धातु वा अधातु खनिज प्रशोधन गर्ने उद्योग, पानी तथा पेय पदार्थ प्रशोधन उद्योग, फोहोर प्रशोधन गरी बस्तु उत्पादन गर्ने।

(ग) बस्तु उत्पादन गरी निर्यात गर्ने निर्यातमूलक उद्योग।

(घ) निर्माण सामाग्री उत्पादन (सिमेन्ट र कंत्रिट उद्योग बाहेक) प्लाष्टिकजन्य, स्टील वा मेटल फेब्रिकेशन गर्ने, विद्युत सामाग्री उत्पादन तथा मर्मत, रंगरोगन, साबुन तथा केमिकल, औषधी, तयारी पोशाक, गलैचा, पश्मिना कपडा स:मिल, घरायसी उपयोगका बस्तु उत्पादन गर्ने उद्योग, इन्जिनियरिङ्ग वर्कशप (सवारी साधन बाहेक) आदि।

(ङ) पशुवधशाला, मासु प्रशोधन छापाखाना, मसलन्द, प्रिन्ट तथा प्याकेजिङ्ग उद्योग, बायुमण्डलबाट प्रशोधन गरी ग्यास उत्पादन गर्ने, सौर्य शक्ति वा अन्य स्रोतबाट जलश्रोत, बायु, कोइला प्राकृतिक तेल र ईन्धन वा ग्यास, बायोमास अन्य श्रोतहरुबाट उर्जा उत्पादन प्रसारण गर्न प्रयोग गरिने मेशिन वा उपकरण निर्माण गर्ने उद्योग आदि।

(च) नेपाल सरकारले उत्पादनमुलक उद्योगको परिभाषाभित्र समेटेको अन्य उद्योगहरु।

## १.२.गैह्र उत्पादनमुलक उद्योग वा संघ संस्था वा कार्यालयहरु :

(क) लिक्युड कच्चा पदार्थ आयात गरी रिफिलिङ्ग तथा बिक्रि वितरण गर्ने अक्सिजन वा एलपि ग्याँस उद्योग, शितभण्डार, कृषि उत्पादनको लागि सहयोग पुग्ने वस्तु वा सेवाको वितरण, सूचना प्रविधि, सफ्टवेयर विकास, प्राविधिक प्रशिक्षण तथा सिप विकास तालिम प्रदान गर्ने संस्था वा विद्यालय, स्वास्थ्य सेवा प्रदान गर्ने गैह् नाफामूलक संस्था एंव क्षेत्रस्थित उद्योगहरुबाट उत्पादित बस्तुहरुको प्रदशनी तथा बिक्री कक्ष आदि ।

(ख) सरकारी निकाय वा संस्था र गैह्व्यापारिक कार्यालयहरु ।

(ग) चलचित्र स्टुडियो, सवारी साधनको मर्मत गर्ने, पेट्रोलियम पदार्थको रिफिलिङ्ग तथा बिक्रि वितरण, तौलपुल (धर्मकाँटा) चार्जिङ्ग स्टेशन, बैङ्क, वित्तीय तथा सहकारी संस्थाहरु नाफामुलक अस्पताल ।

## क्षेत्रभित्र जग्गा तथा भवन भाडामा दिने प्रकृया :

औद्योगिक क्षेत्रभित्र उद्योग स्थापना गर्न इच्छुक उद्योग वा कम्पनीले सम्वन्धित औद्योगिक क्षेत्र व्यवस्थापन लि.संचालन तथा व्यवस्थापन विनियामावली, २०७१(संशोधनसहित) र औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७१(संशोधनसहित) बमोजिम नयां उद्योगको लागि सार्वजनिक सूचनाको माध्यमद्धारा दरखास्त आव्हान गर्ने व्यवस्था भएकोले सो को प्रक्रिया पुरा गरी नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएका उद्योगहरु क्षेत्रभित्र प्रवेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

शाखा कार्यालयले क्षेत्रको कुनै भवन वा जग्गा भाडामा दिंदा सञ्चालक समितिको स्वीकृतिमा तयार भएको प्राविधिक स्पेसिफिकेशन तथा मार्गदर्शन(Guidelines) को अधिनमा रही राष्ट्रियस्तरको प्रस्ताव भए कम्तीमा २१ दिन र अन्तराष्ट्रियस्तरको प्रस्तावको हकमा कम्तीमा ३० दिनसम्मको म्याद दिई सार्वजनिक सूचनाको माध्यमबाट प्रस्ताव आव्हान गरी भाडामा दिनुपर्नेछ । औद्योगिक क्षेत्रभित्र उद्योग स्थापना गर्न चाहने उद्योग/कम्पनीले प्रस्ताव साथ देहाय बमोजिमका कागपत्रहरु समावेश गर्नुपर्नेछ ।

(१) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको प्राथमिकता प्राप्त उद्योगको दर्ता प्रमाणपत्र,

२) उद्योगको प्रवन्धपत्र तथा नियमावली,

३) उद्योगको विगत ३ वर्षको लेखापरिक्षण भएको वित्तिय विवरण ,

४) उद्योगको आर्थिक तथा भौतिक योजनासहितको व्यवसायिक योजना

५) पुरानो उद्योगको हकमा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र

६) सञ्चालकहरुको परिचय खुल्ने विवरण, नागरिकताको प्रमाणपत्र (विदेशीको हकमा राहदानी )

७) उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन, प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणिय परीक्षण (IEE) वा वातावरणिय प्रभाव मुल्याङ्कन (EIA) गर्नुपर्ने भए सो को प्रतिवेदन आदि ।

८) कार्यालयले तोकेको अन्य कागजातहरु ।

- सम्झौता भईसकेपछि उद्योगले कारखाना भवन र अन्य संरचना निर्माण सम्वन्धी कार्यको लागि क्षेत्र व्यवस्थापन कार्यालयको स्वीकृत लिनु पर्दछ।कार्यालयले विद्युत तथा पानीको कनेक्शन र अन्य परामर्श कार्यहरु उपलब्ध गराउँदछ।सम्झौताको शर्त बमोजिम उद्योगले ६ महिनाभित्र निर्माण कार्य शुरु गरी २ वर्षभित्र उद्योग सञ्चालन गरी सक्नु पर्दछ।

**उद्योगले कर्जा लिन सक्ने :**

उद्योगले भाडामा लिएको जग्गमा आफनै खर्चमा निर्माण गरेको भवन वा अन्य जायजेथा बैंक/वित्तिय संस्थामा धितोवन्धक राखि कर्जा लिन सक्नेछ । यस्तो कर्जा लिन र राफसाफ गर्ने सम्वन्धमा देहायका शर्तहरु लागु हुनेछनः

(क) उद्योगले बैंक/ वित्तिय संस्थाको कर्जा चुक्ता नगरेवापत बैकले उद्योगको जायजेथा कब्जामा लिंदा कार्यालयको स्वीकृति लिनुपर्ने ।

(ख) बैंक/वित्तिय संस्थाले उद्योगको जायजेथा कब्जामा लिएको मितिदेखि उद्योगको नामबाट भुक्तानी गर्नुपर्ने बहाल महशुल वापतको विल बमोजिम रकम उद्योगको तर्फबाट बैंक स्वंयमले कार्यालयलाई भुक्तानी गर्नुपर्ने,

(ग) उद्योगले भाडामा लिएको भवन,जग्गाबाहेक बैंक/वित्तिय सस्थाले कब्जामा लिएको उद्योगको जायजेथा यथाशिघ्र लिलाम विक्रि गर्नुपर्ने ।बैंक/वित्तिय संस्थाले लिलाम बिक्रि कारवाही नगरेमा कार्यालयले उद्योगको सम्पत्ति पुन :कब्जामा लिएर प्रचलित कानुन अनुसार लिलाम विक्रि गरी कार्यालयको बक्यौता असुलउपर गर्ने ।

(घ) उद्योगले निर्माण गरेको भवन तथा अन्य जायजेथाहरु बैक र वित्तिय संस्थाले लिलाम गर्दा विनियम ५ मा उल्लेखित प्राथमिकताक्रममा रहेका उद्योगहरुलाई बिक्रि गर्नुपर्ने ।

(ङ) खण्ड (घ) बमोजिम उद्योगको सम्पत्ति खरिद गर्ने उद्योगको यस विनियमावलो बमोजिम तिर्नुपर्ने बहाल महशुल तथा सबै प्रकारका शुल्कहरु बुझाउनुपर्नेछ ।

**लिज सम्झौता अवधि तथा नविकरण, अन्य थप व्यवस्थाहरु :**

- **सम्झौता अवधि**: उद्योगलाई जग्गा वा भवन भाडामा दिदा पहिलोपटक बढिमा ४० वर्ष अवधिका लागि सम्झौता गरि दिन सकिनेछ ।

- **नवीकरण हुन सक्ने :**

(१) उद्योगलाई जग्गा वा भवन भाडामा दिएको सम्झौता बमोजिमको अवधि व्यतिन भएपछी बढीमा ४० वर्षको लागि सम्झौता नवीकरण हुन सक्नेछ। सम्झौता बमोजिमको अवधि व्यतित नहुदै पनि कारण तथा औचित्यसहित कुनै उद्योगले सम्झौता नवीकरण गर्न चाहेमा तोकिएको नवीकरण शुल्क लिई व्यतित हुन बाँकी अवधिसमेत जोडी बढीमा ४० वर्षको लागि नवीकरण गर्न सक्नेछ।

(२) उपविनियम (१)बमोजिम नवीकरणका लागि निवेदन दिँदा सम्झौताको अवधि समाप्त हुनुभन्दा ३ महिना अगाबै नवीकरणका लागि कार्यालयले उद्योगलाई सुचना दिनुपर्ने र उद्योगले २ महिना अगावै कार्यालयसमक्ष निवेदन दिनुपर्नेछ।

(३) उपविनियम (२) बमोजिमको म्यादभित्र निवेदन नदिने उद्योगले त्यस्तो अवधि समाप्त भएको मितिले ३५ दिन भित्र कार्यालय समक्ष निवेदन दिन सक्नेछ।

(४) उपविनियम (१) बमोजिम नवीकरण गर्दा उपविनियम (२) बमोजिमको अवधिभित्रको भए समितिले तोकेको नविकरण शुल्क र उपविनियम (३) बमोजिमको अवधिभित्रको भए समितिले तोकेको नविकरण शुल्कमा २० प्रतिशतले हुन आउने जरिवाना समेत थप गरी सो रकम दाखिला भएपछि नवीकरण गरिनेछ। सो अवधिभित्र पनि नवीकरण नभएमा अवधि समाप्त भएको तीन महिनाभित्र तोकिएको नवीकरण शुल्कमा शतप्रतिशत थप जरिवाना लिई नवीकरण गर्न सकिनेछ।

**नवीकरणका लागि उद्योगले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।**

- नविकरणको लागि उद्योगहरुले बहाल तथा महशुल वापतको सम्पूर्ण रकम चुक्ता भएको प्रमाण, उद्योगको विगत एक वर्षको लेखा परीक्षण पश्चातको संक्षिप्त प्रतिवेदन, कर चुक्ता गरेको प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाण वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण, उद्योगको शेयरलगत अद्यावधिक गरेको प्रमाण, स्वीकृत नक्शा र निर्माण सम्पन्न पेश गर्नु पर्दछ।

**उद्योगको नाम वा कानुनी संरचनागत स्वरुप परिवर्तन गर्दा कार्यालयको सहमति लिनुपर्ने :**

क्षेत्रभित्र स्थापित/सञ्चालित उद्योगको नाम वा कानूनी संरचनागत स्वरुप परिवर्तन गर्नु परेमा उद्योगले शाखा कार्यालयको सहमति लिई गर्नु पर्नेछ। उद्योगले प्रोप्राईटर वा साझेदार वा शेयरधनी वा सञ्चालक गर्दा सो को जानकारी परिवर्तन भएको सात दिनभित्र कार्यालयलाई दिनु पर्दछ।

### उद्योगको उद्धेश्य थप वा परिवर्तन सम्वन्धी व्यवस्था :

क्षेत्रभित्र स्थापित वा संचालित उद्योगको साविकको उद्देश्य कायम राखि विनियम (५) बमोजिम प्राथमिकता परेका उद्योगको उदेश्य थपघट वा परिवर्तन गर्नुपरेमा उद्योगले कार्यालयको पुर्वसहमति लिई गर्नुपर्नेछ र गैह्उत्पादनमुलक उद्योगको पूर्णरुमा उत्पादनमुलक कार्यको लागि पुर्व सहमतिलई उद्धेश्य परिवर्तन गर्न सक्नेछातर उत्पादनमंलक उद्योगले गैह्उत्पादमुलक उदेश्य थप गर्न पाउने छैन ।

### उद्योगको सम्पत्ति बेचविखन गरी लिज हस्तान्तरण सम्वन्धी व्यवस्था :

उद्योगले कुनै कारण परी क्षेत्रभित्र सञ्चालित उद्योग सञ्चालन गर्न नसक्ने भएमा भाडामा लिएको जग्गामा उद्योग आफैले निर्माण गरेको भवन तथा भौतिक संरचना, मिलमेशिनरी जस्ता सम्पत्तिहरु कार्यालयको स्वीकृति लिएर अन्य उद्योगलाई स्वामित्व हस्तान्तरण गरी वेचविखन गर्न सक्नेछ ।

### सम्पत्तिहरु वेचविखन गर्दा कार्यालय समक्ष पेश गर्नुपर्ने कागजातहरु :

**(क) सम्पत्ति बेचबिखन गर्ने साविक उद्योगको तर्फबाटः**

(अ) सम्पत्ति वेचविखन गर्न उद्योगको सञ्चालक समिति वा साझेदारहरु वा स्वयम् प्रोप्राईटरको निर्णय,

(आ) सम्वन्धित निकायबाट हालैको मितिमा प्रमाणित गरिएको उद्योगको शेयरधनी, साझेदार वा प्रोप्राईटरको लगत किताब,

(इ) बैंक वा वित्तिय संस्थालाई कर्जाका लागि कार्यालयबाट सिफारिस गरिएको भए सोको फुकुवापत्र,

(ई) अघिल्लो वर्षको आय विवरण पेश गरेको वा आयकर चुक्ता प्रमाणपत्र,

(उ) उद्योगको दर्ता खारेजी गरेको भए सोको प्रमाण वा ठाउँसारी गर्ने भए उद्योग दर्ता गर्ने सम्वन्धित निकायको पत्र ।

(ऊ) कार्यालयको बहाल महशुल बक्यौता रकम चुक्ता भएको प्रमाण ।

**(ख) सम्पत्ति खरिद गर्ने प्रस्तावित उद्योगको तर्फबाट :**

(अ) क्षेत्रभित्र उद्योग स्थापना गर्न उद्योगको संचालक समिति वा साझेदारहरु वा प्रोप्राईटरको निर्णय सहित सम्वन्धित निकायबाट ईजाजतप्राप्त दर्ता प्रमाणपत्र, प्रवन्धपत्र तथा विनियामावली,

(आ) शेयरधनी, साझेदार वा प्रोप्राईटरको नागरिकता वा परिचय खुल्ने कागजात र सम्वन्धित निकायबाट हालै जारी भएको शेयरधनीहरुको लगत विवरण,

(इ) उद्योगको आर्थिक तथा भौतिक योजनासहितको व्यवसायिक योजना,

(ई) प्रस्तावित उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन र

(उ) उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन, प्रचलित कानून बमोजिम

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) गर्नुपर्नेभए सोको प्रतिवेदन ।

(ग) सम्पत्ति वेचविखन सम्वन्धि दुवैपक्षको संयुक्त सम्झौतापत्र ।

(घ) कार्यालयले तोकेको अन्य कागजातहरु ।

- नियम २९ बमोजिम लिज सम्झौता नामसारी गर्दा साविक उद्योगको बाँकी अवधिको मात्र प्रस्तावित उद्योगको नाममा सम्झौता नामसारी गर्नुपर्नेछ ।

## औ.क्षे.व्य.लि.अन्तर्गत शाखा कार्यालयलाई उद्योगले तिर्नुपर्ने बहाल महशुल :

औद्योगिक क्षेत्र व्यवस्थापन लि. शाखा कार्यालयसंग लिज सम्झौता गरि लिएको क्षेत्रको औद्योगिक भवन तथा जमिन उद्योगहरुले सम्झौता गरेको मितिदेखि तोकिए बमोजिमको भाडादर, आफुले प्रयोग गरेको पानी र विद्युतको महशुल नियमित रुपमा बुझाउनु पर्दछ।जग्गाको भाडा वार्षिक र भवन/गोदामको भाडा एवं पानी तथा विद्युतको महशुल मासिक रुपमा बुझाउनपर्दछ।तोकिएको म्यादभित्र भाडा तथा महशुल बुझाएमा नियामानुसार छुट दिने र विलम्व गरेमा थप विलम्व शुल्क लाग्ने व्यवस्था छ।विद्युत तथा पानी वितरण सम्वन्धी कार्यलाई पारदर्शि प्रभावकारी एंव गुणस्तरीय बनाई सेवा प्रभावलाई व्यवस्थित गर्नका लागि विद्युत/पानी विनियामावली २०८२,लागु भैसकेको छ । नेपाल विद्युत प्राधिकरणको प्रचलित महशुल दर सरह नै लिमिटेडको पनि विद्युत महशुल दर कायम हुने व्यवस्था रहेको छ। पानी महशुल दरको सम्वन्धमा पानी उत्पादनमा लाग्ने लागत तथा प्पी नेपाल खानेपानी सँस्थान समेतको महशुलदरलाई आधार लिमिटेडको संचालक समितिले निर्धारण गरेको पानी महशुल दर लागु हुने व्यवस्था रहेको छ।क्षेत्रभित्र संचालनमा रहेका उद्योगहरुको जमिन बहाल,पानी महशुल र विद्युत महशुलका अलबा संचालक समितिले तोकिदिए बमोजिम प्रवेश शुल्क,सम्झौता नविकरण शुल्क, निर्माण शुल्क जस्ता दस्तुर समेत बुझाउनुपर्ने व्यवस्था रहेको छ।

## मोतिपुर औद्योगिक क्षेत्र परियोजना एक चिनारी :

नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट वि.सं. २०७२/१२/०१ मा ८१३ विगाहा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापनाको लागि घोषणा भएको थियो। मिति२०७३/०१/२९ र २०७३/०३/१४ गरी दुई चरणमा ८१३ विगाह क्षेत्रफलको लालपुर्जा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा प्राप्त भएको। तर २०२२ सालदेखि जोतभोग गर्दै आएको जमिन र बनाईएका घर टहराहरु परियोजना भित्रै परेको कारण परियोजना कार्यान्वयनमा समस्या उत्पन्न भयो । तथापी तिलोत्तमा नगरपालिका वडा नं.४ भित्रपर्ने परियोजनाको E Block

को DPR (Detail Project Report) सम्पन्न भई परियोजना कार्यान्वयनको अन्तिम चरणमा छ। त्यस्तै परियोजना अन्तर्गत बुटवल उपमहानगरपालिका वडा नं.१७ र १८ मा पर्ने B Block भित्रको करिब २६० विगाह जमिनमा औद्योगिक क्षेत्र बनाउन सबै सरोकारवालाहरु सहमति भएको पाईन्छ। राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाको रुपमा रहेको मोतिपुर औद्योगिक क्षेत्र परियोजनाको विकासका लागि अब सरकारको ध्यान र स्रोत साधनको आवश्यकता निर्विकल्प विषय बनेको देखिन्छ।

## बुटवल धागो कारखानाः

बुटवल औद्योगिक क्षेत्रमा २०३९ चैत्र ३ मा १४३.७७ रोपनी जमिन बहाल सम्झौता गरी स्थापना भएको बुटवल धागो कारखाना २०६४ फागुन महिनाबाट बन्द भएको र हाल उक्त उद्योगको भौतिक संरचना जिर्ण हुदै गएको छ।२०३९ साल चैत्र ३ गते देखि संचालनमा आएको बुटवल धागो कारखाना तत्कालिन समयको ठुलो उद्योग हो। नेपालगंजमा कपास खेती गर्ने, उक्त कपास बुटवल धागो कारखानामा आई धागो बन्ने र बनेका धागोबाट हेटौडा कपडा उद्योगले गुणस्तरीय कपडा बनाई विदेश निर्यात गर्ने गरी त्रिकोणात्मक उत्पादन सहकार्यको अभ्यास गरेको जानकारहरु बताउछन। तथापी राजनैतिक अतिक्रमण र कर्मचारीतन्त्रको लापरवाहीका कारण २०६४ फाल्गुण महिनामा बुटवल धागो कारखाना बन्द भयो। हाल उद्योगका भौतिक संरचना मिल मेशिनरीहरु जिर्ण हुदै छन। सरकारले यसको सम्पत्ति व्यवस्थापन गर्न सकेको छैन। औ.क्षे.व्य.लि.शाखा कार्यालय बुटवलको जग्गामा रहेको उक्त उद्योगको सम्पत्ति व्यवस्थापन हुन नसक्दा त्यस ठाउँमा नयाँ उद्योग प्रबर्द्धन गर्न सकिएको छैन।अस्थिर सरकारका कारण परिवर्तन पिच्छे हुने नयाँ सरकारको योजनामा कसैले पुनः संचालनमा ल्याउने भन्छन भने कसैले यसलाई राफ साफ गरि नयाँ उद्योग प्रवर्द्धन गरिनेछ भन्ने गरेको पनि पाईयो। उद्योग बन्द भएको २० वर्ष बित्नै लाग्दा पनि उद्योगको सम्पत्ति व्यवस्थापन हुन सकेन वा उद्योग सञ्चालनमा ल्याउने भनिएता पनि त्यसो हुन सकेन। अतः बन्द बुटवल धागो कारखानाको छिटो छरितो सरल ढंगबाट व्यवस्थापन गरी १४३.७७ रोपनी जमिनमा नयाँ उद्योगहरु प्रबर्द्धन गर्न आवश्यक देखिन्छ।

### औद्योगिक क्षेत्र व्यवस्थापन लि.

## बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

### क्षेत्रस्थित उद्योगहरुको विवरण

| क्र.स. | उद्योगको नाम | उत्पादन सामाग्री | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| क | चालु उद्योगहरु | | | |
| १ | श्री एग्रो इन्जिनियिरङ्ग वक्श प्रा.लि. | फलामको फेव्रिकेसन | श्री विवेक प्रधान | ९८५७०२५८५८ |
| २ | श्री एग्रो एफ.आर.पि.इण्डष्ट्रिज प्रा. लि. | प्लाष्टिकका दानावाट पिभिसि पाइप, मिटरवक्स, एमसिसीवी वक्स,एचडिपि | श्री सूर्य कुमार श्रेष्ठ | ९८५७०२०३८९ |
| ३ | श्री आलम प्लास्टिक इण्डष्ट्रिज | प्लाष्टिकका जर्किन, कन्टेनर,मग र भाडाकुडा | श्री एजाज आलम | ९८५७०२००५१ |
| ४ | श्री अमान प्लास्टिक एण्ड इण्डष्ट्रिज प्रा. लि. | घिउ तेल आदि प्याकिङ्ग गर्ने प्लाष्टिकका डव्वा | श्री एजाज आलम | ९८५७०२००५१ |
| ५ | श्री बेवी प्लाष्टिक उद्योग | प्लाष्टिक | श्री माधव रेग्मी | ९८५७०२५९८१ |
| ६ | श्री वागमति रबर उद्योग प्रा.लि. | रवर प्लाष्टिकका हवाई चप्पल | श्री राधेश्याम गुप्ता | ९८४१४७८९८६ |
| ७ | श्री भण्डारी डोरी उद्योग | कटनको धागोवाट डोरी वनाउने | श्री हरि प्र. भण्डारी | ९८५७०३३३८१ |
| ८ | श्री बुटवल इलेक्ट्रिक एण्ड ट्रान्सफरमर वक्स प्रा. लि. | ट्रान्सफरमर,मोटर, जेनेरेटर इलेक्टिक सामान मर्मत | श्री विश्वास श्रीस | ९८५७०३९००६ |
| १० | श्री बुटवल पि.भि.सी. पाइप उद्योग | पि.भि.सि.दानावाट पि.भि.सी पाईप | श्री हरि प्रसाद भण्डारी | ९८५७०३३३८१ |
| ११ | श्री दूर्गा लक्ष्मी एण्ड आल्मोनियम ईण्डष्ट्रिज | फलाम तथा आल्मुनियम | श्री माधव रेग्मी | ९८५७०२५९८१ |

| | | | | |
|---|---|---|---|---|
| १२ | श्री देपुदेनिता रोलिंग मिल्स प्रा. लि. | तामा पित्तलका पाता,चक्का, ब्रासका सर्किल | श्री अर्जुन ताम्राकार | ९८५१०७१९२७ |
| १३ | श्री धवलागिरी अटो इण्डष्ट्रिज | मोटर पार्टस, बनाउने | श्री शिव प्रसाद खनाल | ९८४७०४६३५७ |
| १४ | श्री एभरेष्ट एब्रासिव एण्ड एलाइड प्रा. लि. | पोलिथिन डोरी,एच.टि.पि.पाइप, लन्चवक्स, किचेन कनेक्टर, खाक्सी आदि | श्री गणेश प्रसाद अधिकारी | ९८५७०२५५४८ |
| १५ | श्री फयुजन पेटोल्यूव उद्योग | ग्रिस तथा रिफाइल मोविल | श्री लिलादेवी गुप्ता | ९८४१४७८९८६ |
| १६ | श्री हिमालय उद्योग | प्लाष्टिकका जुत्ता, चप्पल,हवाइ चप्पल, | श्री अर्चना गुप्ता | ९८५७०२५५४८ |
| १७ | श्री श्रीनगर एग्रीटेक इण्डष्ट्रिज लि. | मासु प्रशोधन तथा शीत भण्डार | श्री रोहित गुप्ता | |
| १८ | श्री ग्याल्भोटेक | ग्याल्वोनाईजिंग तथा स्टील स्ट्कचलर,काष्टिङ्ग कार्य | श्री राजेन्द्र सिंह गुरुङ्ग | ९८५७०२५१६८ |
| २० | श्री इन्टरटेक प्याकेजिङ्ग प्रा.लि. | प्लाष्टिकका पाइप तथा फिटिगका सामाग्रीहरु | श्री उपेन्द्र अग्रवाल | ९८५७०२०८३१ |
| २१ | श्री इन्टरटेक पाइप्स एण्ड फिटिङस | प्लाष्टिकका पाइप तथा फिटिगका सामाग्रीहरु | श्री राजेन्द्र सिंह गुरुङ्ग | ९८५७०२५१६८ |
| २२ | श्री ईन्टरटेक प्रा.लि. | ढलोट तथा फलामको उत्पादन सामान,टर्वाइनहरु,सोलर सस्पेन्सन वृज आदि | श्री उपेन्द्र अग्रवाल | ९८५७०२०८३१ |
| २३ | श्री ईन्टरटेक प्लाष्टिक प्रो ई.प्रा लि. | प्लाष्टिकका फेव्रिकेसनवाट त्रिपाल | श्री राजेन्द्र सिंह गुरुङ्ग | ९८५७०२५१६८ |
| २४ | श्री फेमस स्टिल उद्योग | स्टिल भाडाहरु | श्री सहिद अक्तर | ९८४१४३३८९ |
| २५ | श्री जूनकिरी इण्डष्ट्रिज प्रा. लि. | फलामको फेव्रिकेसन,टरवाइन सम्वन्धि | श्री कमल ज्ञवाली | ९८५७०३८४४० |
| २६ | श्री गुरांश प्लास्टिक उद्योग | प्लाष्टिकका दानावाट सुतली, डोरी दाम्लो नाम्लो आदि | श्री गणेश प्र. अधिकारी | ९८५७०२५५४८ |

| | | | | |
|---|---|---|---|---|
| २७ | श्री कपिलवस्तु ग्लास फाईबर इण्डष्ट्रिज | ग्लास फाईवरका सामान | प्रमोद पौद्धार | ९८५७०२०४५७ |
| २८ | श्री खनाल इन्जिनियरिङ्ग एण्ड इण्डष्ट्रिज | हाइड्रो पावर तथा झोलुङ्गे पुल,फलामको सामान | श्री शारदा खनाल | |
| २९ | श्री खनाल स्टिल स्टक्चर | सिट मेटल,फलामे सामाग्री | श्री शारदा खनाल | |
| ३० | श्री कोहिनुर मेटल उद्योग | कुलर तथा मोटरसाईकलको लेग गार्ड,हेलमेट | राम प्रसाल बस्याल | ९८५७०२१२८२ |
| ३१ | श्री कोहिनुर थर्मोप्याक इ. प्रा. लि. | हेलमेटमा प्रयोग हुने थर्मोकल उत्पादन | श्री सुमन बस्याल | ९८५७०२८५५७ |
| ३२ | श्री लक्ष्मी इण्डष्ट्रिज | स्टोभ पिन, जे हुक,डाइ मेसिनरी मर्मत | श्री माधव रेग्मी | ९८५७०२५९८१ |
| ३३ | श्री लक्ष्मी रबर प्रोडक्स | रवर तथा प्लाष्टिकका हवाई चप्पल | श्री ज्ञानेन्द्र प्र. श्रेष्ठ कसजु | ९८५१०३२७३१ |
| ३४ | श्री लिटमस इण्डष्ट्रिज लिमिटेड | इलेक्टीक सामान,वाइरिङ्गमा प्रयोगहूने प्लेट आदि | श्री रोहित गुप्ता | |
| ३५ | श्री लुम्विनी केवल इण्डष्ट्रिज प्रा.लि. | कपर, आल्मोनियम, पि.भि.सि.तार | श्री तिल प्र. भटराई | ९८५७०२०५६७ |
| ३६ | श्री लुम्विनी दुग्ध वितरण आयोजना | दूध तथ दूग्ध पदार्थ | | |
| ३७ | श्री लुम्बिनी इलेक्टिक प्रोडक्स | इलेक्टीक सामान,वाइरिङ्गमा प्रयोगहूने प्लेट आदि | श्री तिल प्रसाद भटराई | ९८५७०२०५६७ |
| ३८ | श्री लुम्बिनी प्लास्टिक ई.प्रा लि. | प्लाष्टिकका फिटिङ्ग घरायसी सामानहरु | श्री प्रज्वल थान्चु | |
| ३९ | श्री मनकामना हाइड्रो इलेक्टिक प्रोडक्ट | पेल्टी सेट इलेक्ट्रीक सामान | श्री हिरामणी भटराई | ९८५७०३५५५४ |
| ४० | श्री मनसुन प्लाष्टिक ए.होजीयारी उ.प्रा.लि. | प्लाष्टिकका स्टेशनरी सामान,उनी धागोको स्वीटरहरु | श्री मोहनी लाल रिजाल | |
| ४१ | श्री मेगा इण्डष्ट्रिज | प्लाष्टिकका सामान उत्पादन | श्री एजाज आलम | ९८५७०२००५१ |
| ४२ | श्री मेटल्स काष्ट प्रा. लि. | सिमेन्ट स्टिल रोलिग स्पेयर | श्री नारायण प्र. शर्मा | ९८४७०४६१६३ |

| | | | | |
|---|---|---|---|---|
| ४३ | श्री निम आयुवेर्द फर्मास्युटिकल्स | आयुवेर्दे औषधी उत्पादन | | ९८५७०२८६३१ |
| ४४ | श्री नेपाल ब्लयाकगोल्ड एण्ड एलाईड इ.प्रा.लि. | एच.डि.पि.इ पाइप उत्पादन गर्ने | श्री यादव प्रसाद भण्डारी | ९८४७०४६१६३ |
| ४५ | श्री नेविगोल्ड प्लाष्टिक इण्डष्टिज प्रा .लि. | प्लाष्टिक झोला उत्पादन तथा विक्री वितरण | श्री सुरेन्द्रमुनि शाक्य | ९८५७०२८३९३ |
| ४६ | श्री नेशनल ईन्जिनियरिगं ए.मेटल काष्ट इं | फलामको फेव्रिकेसन,मेसिनरी पार्टपुर्जाहरु | श्री राम प्रसाद खनाल | ९८५७०३०३८३ |
| ४७ | श्री नर्थ सि इण्डष्ट्रिज प्रा.लि. | जाली झ्याल ढोका | श्री रातिश सिलवाल | ९८५७०५४८२७ |
| ४८ | श्री नेपाल मेटल ई. | फलाम स्क्रु | पवन गुप्ता | ९८५७०२८५७४ |
| ४९ | श्री टेक्नोमेट इन्जिनियरीग तथा कृषि औजार उदोग | कोदालो घन छीनी कुटो | राम बहादुर गुरुङ्ग | ९८४७०३५३०२ |
| ५० | श्री पूर्ण मेटल उद्योग | तामा पित्तलको काम र ढलोटको भाडावर्तन | श्री प्रविन ताम्रकार | ९८५७०२५४६८ |
| ५१ | श्री रेश्मी पोलिथिन इण्डष्ट्रिज प्रा. लि. | पाइप उत्पादन तथा प्लेट, लन्चवक्स | श्री गौशली रेश्मी | ९८५७०२५४६८ |
| ५२ | श्री रुपानी इन्जिनियरिङ्ग | ग्रिल, सटर निर्माण तथा मेसिन मर्मत | श्री विनोदराज न्यौपाने | ९८५७०७१९८५ |
| ५३ | श्री एस.के.आल्मुनियम एण्ड मेटल इण्डष्ट्रिज | फलामको सामान फेव्रिकेसन,आल्मोनियम झ्यालढोका | श्री सुवास चन्द्र पोखरेल | ९८५७०२६४७० |
| ५४ | श्री शिवशक्ति शोप इण्डष्ट्रिज | सावुन, सर्फ | श्री अकलेस गुपता | ९८०४४२१४४ |
| ५५ | श्री सोनी प्लाष्टिक उद्योग | प्लाष्टिक गेनूएल्भवाट प्लाष्टिकका पाइप | श्री शुवास चन्द्र पोखरेल | ९८५७०२६४७० |
| ५६ | श्री सन फिटिङ्ग प्रा लि. | जि.आई. फिटिङ्ग सामानहरु | श्री महेश थैव | ९८५७०२०१७१ |
| ५७ | श्री सगरमाथा प्लाष्टिक उद्योग | प्लाष्टिकका सपिङ्ग ब्याग,थैला | श्री डम्वर ब. कुँवर | ९८५७०२५०६५ |
| ५८ | श्री सिद्वार्थ मेटल्स एण्ड स्टिल इण्डष्ट्रिज | जे हुक, स्प्रिङ्ग, | श्री राजन कुमार पोखरेल | ९८५७०२९६२४ |

| | | | | |
|---|---|---|---|---|
| ५९ | श्री थापा इन्जिनियरिंग इण्डष्टिज प्रा. लि. | विजुलीको पोल पाईप टरवाइन | श्री देवान सिंह थापा | ९८५७०२०६१६ |
| ६० | श्री त्रिमूर्ति इण्डष्ट्रिज प्रा.लि. | मसला | श्री .. | ९८५७०२९६२४ |
| ६२ | श्री ओशिन पावर सर्भिस प्रा.लि. | लघु जल विद्युत | श्री ठाकुर प्र. अधिकारी | ९८५७०२८६३१ |
| ६३ | श्री बुटवल उप म.न.पा. पशुबधशाला युनिट | पशुवधशाला निर्माण सम्वन्धी कार्य | | ९८५७०२०६१६ |
| ६४ | श्री ज्ञानी पाईप इण्डष्ट्रिज प्रा.लि. | प्लाष्टिकका पाइप उत्पादन | श्री उपेन्द्रमान श्रेष्ठ | ९८४७०२५७५७ |
| ६५ | श्री एम वि वायर एण्ड केवल इण्डष्ट्रिज प्रा.लि. | तार केबुल उत्पादन | श्री पप्पु अन्सारी | |

| | | |
|---|---|---|
| ख | बन्द उद्योगहरु | |
| १ | श्री बुटवल धागो कारखाना लि. | धागो |
| २ | श्री लक्ष्मी प्लाष्टिक उद्योग | प्लाष्टिक |
| ग | निर्माणाधिन उद्योग | |
| १ | श्री फेमस किचेन एण्ड होम प्रोडक्ट | स्टिल सर्कल पाताबाट रयाक भाडा बर्तन बनाउने |
| घ | अन्य संघसंस्थाहरु | |
| १ | श्री बुटवल औद्योगिक क्षेत्र उद्योग संघ | |
| २ | श्री चमेना गृह | |

| | | |
|---|---|---|
| ३ | श्री ग्लोबल आइ एम इ बैंक | |
| ४ | श्री नेपाल टेलिकम | |
| ५ | श्री एनसेल | |
| ६ | श्री हनुमान मन्दिर | |
| ७ | श्री तारादल गण | |
| ८ | श्री दङ्गा नियन्त्रण प्रहरी बल | |
| ९ | श्री शितल सहकारी संस्था | |




कार्यरत कर्मचारीहरुको फोटो